आज मिति २०८२ मंसिर २१ गते आइतबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगरपालिका, नगरकार्यपालिकाको ८२ औं बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

**आमन्त्रित अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | श्याम बहादुर पराजुली ने०अ० | |
| | विमला वाग्ले, प्र०अ० | |
| | नितेश रिमाल, इन्जिनियर | |
| | | |
| | | |

प्रमाणित
शिवराज रम्जी
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२/०८/२१ गतेको ८२ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. गत बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा (फोहर मैला व्यवस्थापन)।

२. मर्स्याङ्दी जलाशय सम्बन्धमा।

३. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

४. नगर अस्पतालको लागि उपकरण खरिद सम्बन्धमा ।

५. उद्यमशिलता विकास व्यवसाय सञ्चालन सचेतनाको लागि तालिम र वडा छनौट सम्बन्धमा ।

६. मुख्य मन्त्री नवप्रवर्धन कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

**निर्णय नं.१**

नगर कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु कार्यान्वयन भए नभएको समीक्षा गरियो कार्यान्वयन हुंन बाकी निर्णयहरु सम्वन्धित पक्षहरुले तदारुकता साथ कार्य गर्न गराउन निर्देशन दिइयो।

**निर्णय नं.२**

नेपाल सरकार उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय विद्युत विकास विभागको मर्स्याङ्दी-३ जलविद्युत आयोजना (४८ मे. वा.) को बातावरणीय प्रभाव मूल्याङ्कनको लागि सार्वजनिक सुनुवाइको लागि आव्हान गरिएको सूचना उपर छलफलहुँदा उक्त आयोजनाबाट यस पालिकाको तार्दिखोला दोभान, तार्कुखोला दोभान, माझिगाउँ, पाउदी, शिवढुण्ढुर मरनघाटहरु साथै संघ, प्रदेश, स्थानीय सरकार साथै विभिन्न संघ संस्था र व्यक्तिहरुको ठूलो लगानीमा निर्माण भएको धार्मिक र पर्यटकीय स्थल सर्वोदय सेवाआश्रम सर्वोदय सेवा धामसमेत सोही स्थानमा पर्ने साथै सो क्षेत्रका स्थानीय बासीहरुको समेत चासो र चर्चाको बिषय रहेको यस आयोजना निर्माणमा राइनास नगरपालिकाको समेत ध्यानाकर्षण भएको छ । आगामी दिनमा यस आयोजनाले धार्मिक, सांस्कृतिक महत्व, कृषि सिँचाइ, वन पैदवारमा पर्ने असरले गर्दा यस पालिकाको वातावरणीय अनुकूलनमा ठूलो क्षति हुने सक्ने महसुस गरी सो स्थानका प्रभावित हुने बासिन्दाहरुको स्थानीय सरकार समक्ष चर्को जनगुनासो रहेको हुँदा मर्याङ्दी जलाशयमा सो आयोजना सञ्चालनको लागि पुर्नविचार गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने।

**निर्णय नं.३**

यस नगरपालिकामा करार सेवामा कार्यरत रहेका तर स्वीकृत दरबन्दीमा नरहेका कर्मचारी तथा शिक्षकहरुको करार सम्झौता अन्त्य गर्ने सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं.४ :**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना पुस्तिकामा समावेस भएको संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) तर्फ क्र.स. २ मा (पृष्ठ १३०) उल्लिखित नगर अस्पतालको क्षमता अभिबृद्धि, उपकरण खरिद, कम्पाउण्डवाल, शवगृह निर्माण फोहोरमैला व्यवस्थापन बजेट खर्च शीर्षकबाट नगर अस्पतालको लागि उपकरण खरिदको लागि रु २५ लाख र कम्पाउण्डवालको (गेट सहित) लागि रु ३० लाख खर्च व्यवस्था गर्ने ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

प्रमाणित

शिवराज ......
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.५:**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना पुस्तिकामा समावेस भएको संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ क्र.स. ४९ मा उल्लिखित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने बजेट शीर्षक अन्तर्गत कार्यक्रम सञ्चालन गर्न वडा नं ९,१० र वडा नं १,२,३,४,६ र ८ को माथिल्लो भेगका कृषकहरुलाई समेट्ने गरी उद्यमशिलता विकास सम्बन्धी सचेतना दिइ सोही सहभागीहरुलाई व्यवसाय सञ्चालनार्थ मौरी पालन सीपमूलक तालिम र वडा नं ४,५,६,७ र ८ का कृषकहरुलाई दुग्धजन्य परिकार बनाउने तालिम सञ्चालन गर्ने ।

**निर्णय नं.६:**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि **ल्याण्डफिल्ड साइट पार्क निर्माण** परियोजना कुल लागत रु २२०५४९२९.०७ को २५ प्रतिशत नगरपालिकाको तर्फबाट लाग्ने रकम रु ५५१३७३२.२७ आन्तरिक श्रोतबाट खर्च व्यवस्था हुने गरी प्रस्ताव पेश गर्ने ।

**निर्णय नं.७ :**

१. नेपाल स्वास्थ्य सेवा, हेल्थ इस्पेक्सन समुह तर्फ नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७१।११।१३ को निर्णयानुसार यस नगरपालिकामा सोही सेवा समुहमा विशेष पदस्थापन भइ आएका नेपाल स्वास्थ्य सेवा, हेल्थ इस्पेक्सन समुह, कर्मचारी संकेत नं. १९१८८३/ सि.अ.हे.ब अधिकृत (छैटौं) श्री मित्रु गिरीले स्वास्थ्य समस्या देखाइ मिति २०८२।०८।०१ देखि लागु हुने गरी स्वैच्छिक अवकाश पाउँ भनी निवेदन पेश गर्नु भएकोले निजले कार्यालयलाई तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहे/नरहेको एकिन गरी निजको जिम्मामा कुनै दायित्व नभएको ठहर गरी मिति २०८२।०८।०१ देखि लागु हुने गरी राजिनामा स्वीकृत गर्ने ।

२. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०७५/१२/११ र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मितिः २०७६/०२/०१ को निर्णयानुसार स्थानीय सेवामा, नेपाल कृषि/ला.पो.डे.डे.,पशु सेवा प्राविधिक सेवा/समुह तर्फ कर्मचारी संकेत नं. १५३०००/ पशु सेवा प्राविधिक अधिकृत (छैटौं) श्री शिब बाबु देवकोटा यस पालिकामा समायोजन भइ हालसम्म कार्य गर्दै आउनु भएकोमा राष्ट्रिय किताबखाना (निजामती) को मिति २०८२।०९।०१ देखि अनिवार्य अवकाश हुने सम्बन्धी सूचना साथै निजको अनिवार्य अवकाश जानुपर्ने भन्ने निवेदन पेश हुन आएकोले निजले कार्यालयलाई तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहे/नरहेको एकिन गरी निजको जिम्मामा कुनै दायित्व नभएको ठहर गरी कर्मचारी संकेत नं. १५३०००/ पशु सेवा प्राविधिक अधिकृत (छैटौं) श्री शिब बाबु देवकोटाको २०८२।०९।०१ देखि लागु हुने गरी अनिबार्य अवकाश स्वीकृत गर्ने ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख